# बागमती प्रदेश सरकारका मन्त्री तथा पदाधिकारीहरूको आचार संहिता,२०७८

**प्रस्तावनाः** बागमती प्रदेशलाई नमूना प्रदेशको रूपमा विकास गर्ने, यूवा र महिलालाई आत्मनिर्भर बनाउन उद्यमशीलताको विकास गर्ने, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासनयुक्त प्रदेश बनाउने, संविधान कार्यान्वयनमा सक्रिय पहल गर्ने, दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिमा लगनशील भई शासन प्रणालीलाई सहभागितामूलक बनाउने, देश र जनताको हित र सेवामा निरन्तर सक्रिय रहने उद्देश्य पूर्ति गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिषदले यो आचार संहिता जारी गरिएको छ ।

१. संक्षिप्त नाम, प्रारम्भः-

१.१. यो आचार संहिताको नाम "बागमती प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री तथा पदाधिकारीहरूको आचार संहिता, २०७८" रहेको छ ।

१.२. यो आचार संहिता प्रदेश सरकार,मन्त्रिपरिषदबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,–

२.१. "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्छ ।

२.२. "पदाधिकारी" भन्नाले प्रदेश सरकारबाट नियुक्त वा मनोनीत वा कुनै कामकाज तोकी अधिकार पाएका पदाधिकारीलाई सम्झनु पर्छ ।

२.३. "परिवार" भन्नाले पदाधिकारी वा कर्मचारीका बाबु, आमा, पति वा पत्नी, छोरा,छोरीलाई सम्झनु पर्दछ। यो शब्दले एकाघर सगोलमा बसेका व्यक्तिलाई समेत जनाउँछ ।

२.४. "मन्त्री" भन्नाले प्रदेश सरकारका मुख्यमन्त्री वा मन्त्री वा राज्यमन्त्री सम्झनु पर्छ ।

३. आचार संहिता लागु हुने पदाधिकारीः- यो आचार संहिता बागमती प्रदेश सरकारका मन्त्री, राज्यमन्त्री, प्रदेश सरकारबाट अधिकार पाएका पदाधिकारीहरू, प्रदेश सरकार मातहत कार्यरत स्वकीय सचिवालयमा रहेका कर्मचारी र पदाधिकारीहरू ।

४. मन्त्री तथा पदाधिकारिहरूले पालना गर्नुपर्ने आचार संहिताहरू

४.१. प्रदेश सरकारको आ. ब. ०७८/७९ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा क्रियाशिल रही मुख्यमन्त्रीसँग भएको कार्यसम्पादन करारको कार्यान्वयनमा केन्द्रित रहने तथा त्रैमासिक प्रतिवेदन पेश गर्ने ।

४.२. मन्त्री तथा पदाधिकारीहरूले समाजवाद उन्मुख कार्यक्रमलाई कार्यान्वयनका लागि प्राथमिकता दिई पूर्ण रूपमा नेतृत्वदायी भूमिका निभाउने ।

४.३. मन्त्री तथा पदाधिकारीहरूका सबै क्रियाकलापहरू कानूनमैत्री, सदाचारयुक्त तथा नमैत्र हुनुपर्ने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

४.४. मन्त्री तथा पदाधिकारीहरू भ्रष्टाचारजन्य कुनै पनि गतिविधिमा संलग्न हुन नहुने ।

४.५. मन्त्री तथा पदाधिकारीहरूले कार्यस्थलमा हुने महिला हिंसा, समाजिक विभेद तथा अन्य अनैतिक आचरण प्रति शुन्यसहनशीलता अपनाउने ।

४.६. मन्त्री तथा पदाधिकारीहरूले नियुक्तिका लागि सिफारिस गर्दा सबै प्रकृया पुऱ्याई आवश्यक कागजातहरू संलग्न राखी सम्बन्धित विषय विज्ञहरू मध्येबाट नै प्रस्ताव गर्नुपर्ने । साथै नियुक्त गर्नु पर्दा नातावाद, कृपावादलाई प्रश्रय दिन नहुने र समावेशी रूपमा नियुक्त गर्नुपर्ने ।

४.७. मन्त्री तथा पदाधिकारीहरूले पदको दुरुपयोग गरी नातागोता र आफन्तहरूलाई ग्राह्यता दिन नहुने।

४.८. मन्त्री तथा पदाधिकारीहरूले प्रचलित कानूनले तोकेभन्दा बढी वा कुनै पनि किसिमको अनुचित खालका सुविधा लिन नहुने, मितव्ययी भएर चल्नुपर्ने ।

४.९. मन्त्री तथा पदाधिकारीहरूले सादा जीवन कडा परिश्रमको नीति अवलम्बन गर्नुपर्ने । मन्त्रीहरूको सादा जीवन अरूहरूको लागि उदाहरणीय हुनुपर्ने ।

४.१०. स्थलगत भ्रमण वा कुनै कार्यक्रममा सहभागी हुँदा सम्भव भएसम्म मुख्यमन्त्रीलाई जानकारी गराएर मात्र आफू सहभागी हुने कार्यक्रमको वैधानिकता स्वीकार्यता विचार गरि विवाद नआउने गरी सहभागी हुने र विचार व्यक्त गर्ने

४.११. मन्त्री तथा पदाधिकारीहरूले आफू मातहतका कर्मचारीहरूको सरुवाको लागि सरुवा मापदण्ड बनाइ कार्यान्वयन गर्ने गराउने ।

४.१२. मन्त्री तथा पदाधिकारीहरूले आफू, आफन्त वा आफ्नो निकटका व्यक्तिहरूसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन अन्य निकायका पदाधिकारीलाई दबाब दिन वा अनुचित प्रभाव पार्न नहुने ।

४.१३. गैर सरकारी सङ्घ/संस्थाको पदाधिकारी हुने वा त्यस्तो संस्थाको अनुचित वा गैरकानूनी क्रियाकलापमा संलग्न नहुने । तर,साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवं सामाजिक संस्थाहरूमा सदस्य हुन बाधा पर्ने छैन। त्यस्तो सदस्यताको जानकारी माननीय मुख्यमन्त्री समक्ष लिखित जानकारी गराउनु पर्नेछ ।

४.१४. गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट प्रकाश गर्न नहुने ।

४.१५. प्रदेश सरकारको स्वीकृति नलिई प्रदेश सरकारको तर्फबाट कुनै प्रकारको अनधिकृत प्रतिबद्धता वा प्रतिज्ञा गर्न नहुने ।

४.१६. प्रदेश मन्त्रिपरिषद्बाट भए गरिएका निर्णय र हुने विषयहरू आफूखुसी सार्वजनिक नगर्ने त्यस्तो विषय प्रवक्ता मार्फत सार्वजनिक हुनेछ ।

५. <u>आचार संहिताको अनुगमन:</u> यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारिबाट गरिनेछ ।

५.१. मन्त्री तथा राज्यमन्त्रीहरूको अनुगमन मुख्यमन्त्रीबाट

५.२. अन्य पदाधिकारीहरूको मुख्यमन्त्रीले तोकेको निकाय वा अधिकारीबाट

६. <u>विविध</u>

६.१. यो आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा प्रदेश सरकारले स्पष्ट पार्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव

६.२. यस आचार संहिताको पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै बाधा अड्काउ परेमा मा. मुख्यमन्त्रीले आवश्यक निर्णय गरे बमोजिम हुनेछ ।

६.३. प्रदेश सरकारसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बद्ध सरोकारवाला र अन्य व्यक्तिहरूले पनि यस आचारसंहिता पालना गर्न सहयोग गर्नुपर्ने र मार्गदर्शनको रूपमा पालना गर्नु पर्नेछ ।

६.४. प्रदेश सरकारले आवश्यकता अनुसार यस आचार संहितामा परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प्रमुख सचिव